परशुरामनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिमप्रदेश, नेपाल

प. सः २०७६।०७७ मितिः २०७६।१२।२६

च. नः

## प्रेस विज्ञप्ती

कोभिड १९ को संक्रमणले दिनप्रतिदिन विश्वव्यापी रुपमा भयावह अवस्था बढ्दै गइरहेको सर्वविदितैछ । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि परशुराम नगरपालिकाबाट भविष्यमा आउन सक्ने विषम परिस्थितिलाई रोकथाम तथा न्यूनीकरणका लागि सम्पूर्ण तयारीहरु पूरा गर्ने मुख्य ध्येयका साथ नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहित समन्वय समितिका पदाधिकारी एवं सदस्यहरु, द्रुत प्रतिकार्य टोली (R/QRT) बाट नगरपालिकाले विभिन्न स्थानहरुमा व्यवस्थापन गरेका क्वारेन्टाइन स्थलहरुको व्यवस्थापनको अवस्था, थप क्वारेन्टाइन निर्माण तथा नागरिकहरुको स्वास्थ्य अवस्था बुझ्न र स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, कर्मचारीहरुको मनोबल उच्च राख्न अनुगमन तथा सुपरिवेक्षण दिनानुदिन सामाजिक दुरी कायम गर्दै, सुरक्षित हुने उपायहरुको जानकारी आम नगरवासीलाई गराउदै र आफू पनि पूर्ण अवलम्बन गर्दै भइरहेका छन् ।यस्तो अती नै संवेदनसील अवस्थामा व्यवस्थापकीय जिम्मेवारीमा अहोरात्र खटिएका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, रेडक्रसकर्मी, समाजवेसी, संचार माध्यम लगायत सम्पूर्णले सामाजिक दुरी कायम गर्दै गरेका अनुगमन, सुपरिवेक्षण, ब्यवस्थापनका कार्यलाई सही ढंगले नबुझी जथाभावी मिडिया तथा सामाजिक सञ्जालमा संप्रेषण नगर्न नगराउन अनुरोध छ ।

अन्त्यमा, आजका दिनसम्म नगरपालिकाले गरिरहेको व्यवस्थापनको कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दीक धन्यवाद तथा निरन्तर सहयोगको अपेक्षाका साथै नगरपालिका परिवार सदैव यहाँहरु संगै रहनेछ भन्ने पूर्ण विश्वास दिलाउन चाहन्छु ।

धन्यवाद।

२०७६।१२।२६

भीमबहादुर साउद
नगर प्रमुख
नगर प्रमुख

जोगबुडा, डडेल्धुरा, सुदूरश्चिमप्रदेश नेपाल, फोन : ०९६४११००४, फ्याक्स : ०९६४११००४
ईमेल : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np